प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आन्तरिक मामिला तथा संचार मन्त्रालय

मुकामः बुटवल, नेपाल

सूचना प्रकाशन मितिः २०७८/०८/१६

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एफ एम रेडियो कार्यक्रम उत्पादन सहकार्य अनुदान अन्तर्गत एक श्रृङ्खलामा २५-३० मिनेट सम्मको रेडियो कार्यक्रम उत्पादन गर्न खुला प्रतिस्पर्धाबाट रेडियो / संस्था छनौट गर्नुपर्ने भएकोले इच्छुक रेडियो/ संस्थाले **"संचारमाध्यमलाई अनुदान वितरण सम्बन्धी कार्यविधी, २०७८"** को दफा ९ बमोजिमका कागजातहरू सहित देहाय बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव संलग्न गरी १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरि निवेदन दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र निवेदन पेश नगरेका रेडियो/ संस्थाहरूलाई कार्यक्रम उत्पादन अनुदानको प्रतिस्पर्धामा सम्मिलित नगराइने समेत जानकारी गराइन्छ ।

**(ग) प्राविधिक प्रस्तावमा अनिवार्य खुलाउनुपर्ने विवरणः**

| रेडियोको नाम | ठेगाना | दर्ता मिति | नियमित प्रसारण प्रमाणपत्र पाएको मिति | क्षमता (Watt) | उत्पादन गर्न सक्ने प्राविधिक जनशक्ति/प्रस्तोता लगायतको विवरण,योग्यता र अनुभव | रेडियो कार्यक्रम कम्तिमा Audio-128 Kbps, 44100 Hz, Stereo System र प्रस्टसँग सुन्न सकिने श्रव्य क्षमताको उत्पादन गर्ने क्षमता छ/ छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**(घ) आर्थिक प्रस्तावमा खुलाउनुपर्ने विवरण**

| रेडियोको नाम | ठेगाना | दर्ता मिति | दररेट (प्रति श्रृङ्खला) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

*द्रष्टव्यः १. एफ एम रेडियो / संस्थाले ले दफा ९ बमोजिमका कागजातहरू तथा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गी पेश गर्नुपर्नेछ । आर्थिक प्रस्तावमा आफूले प्रतिश्रृङ्खला कार्यक्रम उत्पादन गर्न सक्ने दररेट प्रष्ट रूपमा खुलाउनु पर्नेछ ।*

*२. कार्यक्रम उत्पादन गर्न छनौट हुने रेडियो / संस्थाले मन्त्रालयसँग सम्झौता गरी उत्पादन गरेको कार्यक्रम यस मन्त्रालयको अनुमति लिई मन्त्रालयमा सूचिकृत भएका अन्य एफ एम रेडियोलाई प्रसारणको लागि उपलब्ध गराउनुपर्नेछ ।*

*३. कार्यक्रम उत्पादनको लागि छनौट भएको रेडियो / संस्था सम्झौता गर्न नआएमा उक्त प्रस्तावदातालाई तीन वर्षसम्म मन्त्रालयको तर्फबाट वितरण गरिने कुनै पनि अनुदान उपलब्ध गराइने छैन ।*

*४. उत्पादन गर्नुपर्ने जम्मा श्रृङ्खला संङ्ख्या सम्झौतामा उल्लेख गरिनेछ ।*

*५. थप जानकारीको लागि यस कार्यक्रम सम्बन्धी कार्यविधी मन्त्रालयको वेबसाइट www.moial.lumbini.gov.np मा हेर्न सकिनेछ ।*